(झ) "कृषि आय" भन्नाले प्रदेश भित्रको कृषियोग्य जमिनको प्रयोगबाट उत्पादित कृषि उपजको आम्दानी सम्झनु पर्छ ।

(ञ) "कृषि योग्य जमिन" भन्नाले निजी वन र नर्सरी वा खरबारी बाहेकका कृषि कार्यमा प्रयोग भएको जमिनलाई सम्झनु पर्छ ।

(ट) "कूल कृषि आय" भन्नाले यस ऐन बमोजिम निर्धारण गरिएको कुनै एक आर्थिक वर्षको कूल कृषि आयलाई सम्झनु पर्छ ।

(ठ) "गैरकर राजस्व" भन्नाले कर राजस्व बाहेकका अन्य राजस्व सम्झनु पर्छ।

(ड) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(ढ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति , पत्नी र अंश छुट्टिए वा नछुट्टिएका सन्तान सम्झनु पर्छ ।

(ण) "प्रदेश" भन्नाले प्रदेश नं ७ सम्झनु पर्छ।

(त) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई समेत जनाउँछ ।

(थ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(द) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद–२

**राजस्व निर्धारणका आधार र कर प्रशासन**

३. **कर तथा गैरकर राजस्व निर्धारणका आधारः** (१) कर राजस्व देहायका आधार मा निर्धारण गरिनेछः

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सृजना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

(२) गैरकर राजस्व उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चानलन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ |

